नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग
टेकु, काठमाण्डौ

पत्र संख्या:- २०८२/८३ मिति:- २०८२।१२।३०

चलानी नम्बर:- ३८०

नेपाल सम्वत् ११४६ चौलागा एकादशी ।

विषय: अन्तराष्ट्रिय आरोग्य दिवस मनाउने सम्बन्धमा ।

श्री प्रादेशिक आयुर्वेद चिकित्सालय सबै,

श्री जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र / आयुर्वेद स्वास्थ्य केन्द्रहरु सबे ,

श्री आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरु सबै,

श्री प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरु सबै,

श्री आयुर्वेद औषधालयहरु सबै,

श्री नागारक आरोग्य केन्द्रहरु सबै ।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय को मिति २०८२।१२।२५ गतेको च.नं. १०९९ को पत्र अनुसार श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं. ३८९ को पत्रबाट अन्तराष्ट्रिय आरोग्य दिवस मनाउने सम्बन्धमा प्राप्त पत्र यसै साथ संलग्न छ। सो सम्बन्धमा अन्तराष्ट्रिय आरोग्य दिवस २०२६ यहि अप्रिल महिना को १५ तारीख तदानुसार मिति २०८३ वैशाख २ गते बुधवार का दिन भव्य रुपमा मनाउन मन्त्रालय को मिति २०८३।१२।२५ गतको (सचिव स्तर) को निर्ण अनुसार अनुरोध छ।

डा. पुनेश्वर केशरी

शाखा प्रमुख,

अनुगमन, अनुसन्धान तथा समन्वय शाखा

“मेरो स्वास्थ्य- मेरो जिम्मेवारी”

फोन ☎ नं. M ०१-५३५२५२५, ५३६७४२५, ५३६९९१०, ११
फ्याक्सM ०१-५३६९९१२
Email:doaa.gov.np@gmail.com
Website: www.doaa.gov.np

नेपाल सरकार
# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## नीति, योजना तथा अनुगमन महाशाखा
सिंहदरबार, काठमाडौं

☎ ४२६२८६२
ppmd.mohp@gmail.com,
ppmd@mohp.gov.np

प.स. २०८२/८३/२/नी.यो.
च.नं. १०९९

मितिः २०८२/१२/२५
ने.सं. ११४६

श्री स्वास्थ्य सेवा विभाग, टेकु, काठमाडौं।
श्री औषधि व्यवस्था विभाग, बिजुलीबजार, काठमाडौं
श्री आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग , टेकु, काठमाडौं।

विषयः अन्तराष्ट्रिय आरोग्य दिवस मनाउने सम्बन्धमा ।

प्रस्तुत विषयको सम्वन्धमा श्री संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं ३८९, मिति २०८२।१२।२४ को पत्रवाट अन्तराष्ट्रिय आरोग्य दिवस मनाउने सम्वन्धमा प्राप्त पत्र यसै साथ संलग्न छ । सो सम्वन्धमा अन्तराष्ट्रिय आरोग्य दिवस २०२६ लाई भव्य रुपमा मनाउन तहाँ पठाईएको व्यहोरा यस मन्त्रालयको मिति २०८२/१२/२५ को (सचिवस्तर) अनुरोध छ।

डा. पुष्पराज पौडेल
शाखा प्रमुख

Policy and Planning Section: - mohp.planning@gmail.com, planning@mohp.gov.np,
Monitoring and Evaluation Section: - ppmd.mohp@gmail.com
Medical Services, Education and Research Section: - msersection@gmail.com, mser@mohp.gov.np
Ayurved and Alternative Medical Section: - ayurved.section@mohp.gov.np

नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्रालय

पर्यटन प्रवर्द्धन शाखा

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- ३८९

मिति :- वि.सं. २०८२/१२/२४

ने.स. :- ११४६ चौलागा, ५ मंगलबार

विषय: अन्तर्राष्ट्रिय आरोग्य दिवस मनाउने सम्बन्धमा ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं
दर्ता नं.:- ३६८१
दर्ता मिति: २०८२/११/२५

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ , काठमाण्डौं

प्रस्तुत विषयमा हरेक वर्ष अप्रिल, १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवसको रुपमा मनाउने सन्दर्भमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८२/१२/ १९ गते यस मन्त्रालयमा बसेको उच्चस्तरीय अन्तर्राष्ट्रिय आरोग्य दिवस आयोजक समितिको बैठकका निर्णय प्रतिलिपि यसै साथ संलग्न छ। सोही अनुरुप अन्तर्राष्ट्रिय आरोग्य दिवस २०२६ लाई भव्य रुपमा मनाउनको लागि तहाँ मातहतका सम्पूर्ण स्वास्थ्य संस्था तथा आयुर्वेद केन्दहरुमा आवश्यक समन्वय तथा सहजीकरण गरीदिनु हुन अनुरोध छ।

(हरि शरण न्यौपाने)
शाखा अधिकृत

श्री नीति, योजना तथा अनुगमन महाशाखा

२०८२/१२/२५

स. ६३६
०८२/१२/२५



CamScanner

मिति २०८२/१२/१९ गते माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको अध्यक्षतामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सभाहलमा बसेको उच्चस्तरीय अन्तर्राष्ट्रिय आरोग्य दिवस आयोजक समितिको बैठकका निर्णयहरु देहायअनुसार छन्।

१. परराष्ट्र मन्त्रालय (MOFA) ले नेपाल पर्यटन बोर्ड (NTB) सँग सहकार्य गरी विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा र विदेश स्थित नेपाली Mission हरुमा Wellness Nepal थिममा कार्यक्रम आयोजना गरी देहायबमोजिम गर्ने:

क) कार्यक्रममा प्रवर्द्धनात्मक भिडियो प्रदर्शन,

ख) ५ मिनेट ध्यान र १५ मिनेट योग अभ्यास ट्युटोरियल भिडियोमार्फत सञ्चालन,

ग) सम्बन्धित शहरका टुर अपरेटर/ट्राभल प्लानर, मिडिया/इन्फ्लुएन्सर तथा कूटनीतिक निकायका प्रतिनिधिहरूलाई आमन्त्रण गर्ने,

परराष्ट्र मन्त्रालयले विदेश स्थित सबै नेपाली दूतावास, महावाणिज्य दूतावास तथा कूटनीतिक नियोगहरुमा उपरोक्तानुसार गर्ने व्यवस्था मिलाउने ।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल पर्यटन बोर्ड र आरोग्यसँग सम्बन्धित संस्थाहरूसँग सहकार्य गरी काठमाडौंमा एक बृहत् ध्यान सत्र आयोजना गरी देहायबमोजिम गर्ने:

क) भिडियो, लोगो तथा आरोग्य पर्यटन रणनीति (२०२६-२०३५) सार्वजनिक गर्ने

ख) कार्यक्रममा कूटनीतिज्ञ/विदेशी नागरिक, सरकारी अधिकारी, विद्यार्थी, टुर अपरेटर, होटल तथा पर्यटन व्यवसायी, स्पा/ध्यान/योग केन्द्रका सञ्चालक, टुर गाइड, सोसल मिडिया इन्फ्लुयन्सर तथा सञ्चारकर्मी लगायतका सरोकारवालाहरूलाई सहभागी गराउने,

३. वि.सं. २०८३ वैशाख २ गते (अप्रिल १५, २०२६) दिउसो १:१५ बजे १५ मिनेट ध्यान/योग (Desk Yoga, Digital Detox समेत) अभ्यासमा नेपालभर कम्तिमा १५ लाख मानिसको सहभागिता गराउन प्रदेश सरकार, स्थानीय तह, सुरक्षा संयन्त्र, सरकारी निकाय, शिक्षण संस्था, संघ संस्था, निजी क्षेत्र, गृहिणी लगायत आम सर्वसाधारणलाई सार्वजनिक अपिल गर्ने।

४. आरोग्य अनुभव विषयमा प्रदेश सरकार तथा स्थानीय तहहरुसँगको सहकार्यमा प्रदेशस्तरमा छोटो भिडियो प्रतियोगिता आयोजना गर्ने। उक्त भिडियोहरु नेपाल नागरिक उड्डयन प्राधिकरणले मुलुकका विभिन्न विमानस्थलमा र नेपाल पर्यटन बोर्डले सार्वजनिक स्थलहरुमा रहेका डिजिटल डिस्प्ले मार्फत प्रदर्शन गर्ने व्यवस्थापन मिलाउने।

५. निजी क्षेत्र तथा अन्य संस्थाहरूलाई आरोग्य सम्बन्धि विभिन्न कार्यक्रमहरू आयोजना गर्न अनुरोध गर्ने।

६. आरोग्य दिवसका दिन निजी क्षेत्रका स्पा, जिम, योग केन्द्रहरूलाई एकदिने निःशुल्क परामर्श वा trial class वा नियमित कक्षा/सेवामा विशेष छुट सहुलियत प्रदान गर्न अनुरोध गर्ने।

७. आरोग्य दिवसको मूलनारा सहितको सन्देश समेटिने गरी सामाजिक सञ्जालमा ह्यासट्याग क्याम्पैन गर्ने।

८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत नेपाल टेलिकम तथा एनसेल लगायतका सेवाप्रदायक निकायलाई अप्रिल १४ र १५ गते आरोग्य सम्बन्धि रिङ्गब्याक टोन बजाउने व्यवस्था मिलाउन अनुरोध गर्ने।

९. कार्यक्रम कार्यान्वयन, व्यवस्थापन तथा समन्वयका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव श्री इन्दु घिमिरेको संयोजकत्वमा परराष्ट्र मन्त्रालय, नेपाल पर्यटन बोर्ड, होटेल एसोसिएसन नेपाल, नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट र स्पा संघ नेपाल बाट एक–एक जना प्रतिनिधि रहने गरि निर्देशक समिति गठन गर्ने।

१०. विश्व आरोग्य दिवसलाई भव्य रुपमा मनाउनको लागी देहायबमोजिमका मन्त्रालय मार्फत सम्बद्ध निकायहरूलाई अनुरोध पत्र पठाउने :-

क) सबै मन्त्रालय, आयोग, सचिवालय र केन्द्रिय स्तरका कार्यालयहरुमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत,

ख) जिल्ला स्थित कार्यालयहरुलाई गृह मन्त्रालय मार्फत जिल्ला प्रशासन कार्यालयबाट,

ग) प्रदेश तथा स्थानीय तहहरुमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत,

घ) सबै निजी तथा सामुदायिक विधालय/ कलेज लगायतका शैक्षिक संस्थाहरूलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत,

ङ) प्रदेश अन्तर्गतका निकायहरुमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत,

च) स्वास्थ्य संस्था, आयूर्वेद केन्द्र लगायतका स्वास्थ्य सम्बद्ध संस्थाहरुको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत,

छ) FM/ Television लगायतका सञ्चार माध्यमहरूलाई संचार तथा सूचना प्रविधि मन्त्रालय मार्फत।

मा. खडक राज पौडेल 'गनेस'
हस्ते

नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं